"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"

नलगाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः२०८२/०८३

च.नं.

मितिः२०८३/०२/१२

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३।०२।१२ गते)**

आर्थिक वर्ष २०८२/०८३ मा नेपाल सरकारको संघीय सशर्त अनुदान अन्तर्गत प्राप्त **"स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम"** सञ्चालन गर्नुपर्ने भएकोले **स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्य तथा इच्छुक संस्थाहरूबाट कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान गरिन्छ। देहायका योग्यता पुगेका संस्थाहरूले सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन भित्र** कार्यालय समयमा आफ्नो अवधारणापत्र, व्यावसायिक कार्ययोजना तथा आवश्यक कागजातहरू सहित सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ।

**१. प्रस्ताव पेश गर्न सक्ने संस्थाको योग्यता**

क) प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको संस्था।

ख) प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरेको संस्था।

ग) प्रचलित कानून बमोजिम अयोग्य वा कालोसूचीमा नपरेको संस्था।

घ) सूचना प्रकाशन हुनु अगावै कानुन बमोजिम दर्ता भई कार्य सञ्चालन गरिरहेको संस्था।

**२. कार्यक्रमको उद्देश्य**

लक्षित समुदायका महिलाहरूलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामूहिक रूपमा आयआर्जनमूलक व्यवसाय सञ्चालनमार्फत जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण गर्ने।

**३. प्रस्तावमा समावेश हुनुपर्ने मुख्य विषयहरू**

क) नलगाड नगरपालिका वडा नं. १२ स्थायी बसोवास भएका कम्तीमा २५ जना लक्षित महिलालाई सहभागी गराई **कम्तीमा ५ दिने व्यावसायिक बाख्रापालन तालिम** सञ्चालन गर्ने योजना।

ख) तालिमको अवधि, विषयवस्तु, कार्यतालिका, विधि तथा स्रोत व्यवस्थापनको स्पष्ट विवरण।

ग) लक्षित महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण हुने कार्यान्वयन योजना।

ठकेन्द्र बहादुर गिरी

प्रशासकीय अधिकृत

फोन नं.:- ९८४८१३६०६८, ईमेलः- ito.nalgaadmun@gmail.com, Web Site:- www.nalgaadmun.gov.np

Scanned with CamScanner

**४. लक्षित सहभागी छनौटका आधारहरू**

देहायका महिलाहरूलाई प्राथमिकतामा राखी सहभागी छनौट गर्नुपर्नेछः

- विपन्न वा बहुविपन्न महिला
- एकल महिला
- हिंसा पीडित, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित महिला
- भूमिहीन, सीमान्तकृत तथा दलित समुदायका विपन्न महिला
- कृषि बाहेक अन्य नियमित आयआर्जनको स्रोत नभएका परिवारका महिला

(एक परिवारबाट एक जना मात्र महिला सहभागी गराउनुपर्नेछ।)

**५. प्रस्तावसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

१. संस्थाको विधान, उद्देश्य, परिचय तथा कार्य सञ्चालन प्रक्रियाको विवरण।

२. **स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को अनुसूची ४ बमोजिम** कार्यक्रमको अवधारणापत्र तथा व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

३. संस्था दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।

४. आ.व. २०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

५. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन।

६. संस्थाबाट गरिने लागत साझेदारी तथा अन्य सम्भावित सहयोग स्रोतको विवरण।

७. कालोसूचीमा नपरेको तथा कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा पत्र।

८. संस्थाले तालिममा सहभागी हुने लक्षित महिलाहरूको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण हुने गरी **अनुसूची– ५ बमोजिम पशुपालन क्षेत्र भित्रको बाखापालन क्षेत्रमा आधारित व्यावसायिक योजना** तयार गरी प्रस्तावसँग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

९. कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव।

ठकेन्द्र बहादुर सिंह
प्रशासकीय अधिकृत



Scanned with CamScanner

**६. प्रस्ताव मूल्याङ्कन तथा छनौटः**

प्राप्त प्रस्तावहरू कार्यविधि, २०८२ बमोजिम गठित मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी उपयुक्त संस्था छनौट गरिनेछ।

**७. प्रस्ताव बुझाउने स्थानः**

नलगाड नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा दल्ली, जाजरकोट

**८. अनुसूची– ४ र अनुसूची– ५ बमोजिमका ढाँचाहरू** नलगाड नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट प्राप्त गर्न वा नगरपालिकाको वेबसाइटबाट यसै सुचना साथ उपलोड गरिएको छ ।

**९. थप जानकारी**

फोन नं.: ९८४९४४१९९४

इमेलः **ito.nalgaadmun@gmail.com**

**नोटः** प्रस्ताव ढिलो प्राप्त भएमा वा अपूर्ण कागजात संलग्न भएमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैनन्। प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नलगाड नगरपालिकामा सुरक्षित रहनेछ।

........................................
**ठकेन्द्र बहादुर गिरी**
**प्रशासकीय अधिकृत**

ठकेन्द्र बहादुर गिरी
प्रशासकीय अधिकृत



Scanned with CamScanner